| | | | | | |
|---|---|---|---|---|---|
| १ | ३९/७५ | २०७५/११/१५ | आज मिति २०७५ साल फागुन १५ गते नेपाल सरकारका माननीय संस्कृति,पर्यटन तथा नागरिक उड्डयनमन्त्री रविन्द्र अधिकारी तेह्रथुम जिल्लाको चुहानडाँडा विमानस्थल संभाव्यताको निरीक्षणको लागि हेलिकप्टरबाट त्यसतर्फ प्रस्थान गरी विमानस्थल निरीक्षण पश्चात ताप्लेजुङ्ग जिल्लामा रहेको पाथीभरा मन्दिरको दर्शन गरी काठमाडौं फर्कने क्रममा हेलिकप्टर दुर्घटनामा परी उहाँ लगायत ( सात ) जनाको असामयिक निधन भएको दुःखद खबरले प्रदेश सरकार स्तब्ध भएको छ। यस दुःखद घडीमा प्रदेश सरकार मन्त्रिपरिषद् बैठकले शोक प्रस्ताव पारित गर्दै उक्त दुर्घटनामा परी निधन हुनुभएका माननीय मन्त्री लगायत सम्पूर्ण मृतकहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछ र शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। | | |